पाँचौ वार्षिक प्रतिवेदन

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

आर्थिक वर्ष २०६७/२०६८

संचालक समिति

श्री कुल चन्द्र गौतम
अध्यक्ष
(समूह 'क', उपसमूह '४')

श्री प्रदीप जंङ्ग पाण्डे
सञ्चालक
(समूह 'क', उपसमूह '२')

श्री भोला विक्रम थापा
सञ्चालक
(समूह 'क', उपसमूह '३')

श्री बालकृष्ण प्रसाई
व्यवसायिक सञ्चालक

श्री मनोहर दास मुल
सञ्चालक
(समूह 'क', उपसमूह '५')

श्री प्रकाश चन्द्र मैनाली
सञ्चालक
(सर्वसाधारण तर्फ)

श्री अनिन राजभण्डारी
सञ्चालक
(सर्वसाधारण तर्फ)

श्री अबिनाश पन्त
सञ्चालक
(समूह 'क', उपसमूह '१')

लेखा परिक्षक
एस.आर.पाण्डे एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

कम्पनी सचिव
श्री गणेश राज पोखरेल

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
शारदा सदन, काठमाण्डौं
पाँचौ वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

मिति २०६८/०६/४ गते बसेको संचालक समितिको ९० औ बैंठकले निर्णय गरे अनुसार यस बैंकको पाँचौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ

सभा हुने मिति, स्थान र समय

सभा हुने मिति	:- २०६८ साल आश्विन २९ गते (१६ अक्टोबर, २०११), आईतवार
स्थान	:- नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौं
सभा सुरु हुने समय	:- विहान ११:०० बजे

छलफलका विषयहरू :

क. साधारण प्रस्तावहरू

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहित २०६८ आषाढ मसान्तको वासलात र मिति २०६७/०४/०१ देखि २०६८/०३/३२ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गर्ने ।

३. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ५.५३ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०६८/६९ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (एस आर पाण्डे एण्ड कम्पनी पुनः नियुक्त हुन योग्य रहेको)

५. संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने समूह "क" अर्न्तगत उप-समुह १,२,३ र ४ को संचालकहरुको निर्वाचन गर्ने ।

ख. विशेष प्रस्तावहरू

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ५ प्रतिशत वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

ग. विविध

साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०६८/०६/१२ गते देखि २०६८/०६/२९ गते सम्म बैंकको शेयरधनी दर्त्ता किताव बन्द रहने छ । नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा २०६८/०६/१० गतेसम्म कारोबार भई मिति २०६८/०६/२६ गतेभित्र यस बैंकको शेयर रजिष्ट्रार एलिट क्यापिटल लिमिटेड, जमल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन एवं मतदान गर्न तथा नगद लाभांश र वोनस शेयर पाउने छन् ।

२. बार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान १०:३० वजे देखि खुल्ला गरिने छ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् २०६८/०६/२७ गते बिहान ११:०० बजेभित्र बैंकको मुख्य कार्यालय शारदा सदन कमलादीमा दर्ता गराई सक्नु पर्नेछ । बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमवाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

५. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर, प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरवदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम बैंकको मुख्य कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजीर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. दफा १ मा उल्लेख गरे बमोजिम शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरु मात्र सो सभाबाट पारित लाभांश रकम र बोनश शेयरको हकदार हुनेछन् ।

७. एकभन्दा वढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतवाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।

८. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फवाट बैंकको शेयर लगत दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भागलिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

९. यस बैंकको संचालक निर्वाचन सम्वन्धि निर्देशिका बैंकका शेयरधनीहरुले रजिष्टर्ड कार्यालय, शारदासदन कमलादी काठमाण्डौंबाट शुल्क तिरी प्राप्त गर्न सकिनेछ । बैंकको संचालकहरुको निर्वाचन सम्वन्धि कार्यक्रम बैंकको रजिष्टर्ड कार्यालय, कमलादी काठमाण्डौंमा स्थापित निर्वाचन समितिको कार्यालयले सभा हुने दिन भन्दा २० दिन अगावै प्रकाशित गरि टाँस गर्नेछ ।

१०. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको प्रधान कार्यलय शारदा सदन, कमलादीमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

११. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउंदा झोला, व्याग जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

पुनश्चः कम्पनीको संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाईएको छ । साथै कम्पनी ऐन २०६३ अनुसारको बार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखा परिक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको मुख्य कार्यालय कमलादी तथा यस बैंकको शेयर रजिष्ट्रार एलिट क्यापिटल लिमिटेडमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागी सूचित गरिन्छ । संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website: www.ctznbank.com मा पनि हेर्न सक्नुहुनेछ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेशनल लि.
YOUR PARTNER FOR PROGRESS

प्रोक्सी फाराम

श्री संचालक समिति
सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड
कमलादी, काठमाडौं ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..... जिल्ला ..... न.पा./गा.वि.स. वडा नं. ..... बस्ने म/हामी ..... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०६८ साल आश्विन २९ गते आईतबारका दिन हुने पाँचौ वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ..... जिल्ला ..... न.पा./गा.वि.स. वडा नं. ..... बस्ने त्यस कम्पनीका शेयरधनी श्री ..... शेयर प्रमाणपत्र नं. ..... परिचय नं. ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएका छु/छौं ।

निवेदक

प्रोक्सी लिनेको दस्तखतः

दस्तखतः
नामः
शेयर प्रमाण-पत्र नं.
शेयरधनी परिचय नं.
कि.नं ..... देखि ..... सम्म
मितिः

द्रष्टव्य : यो निवेदन साधारण सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै बैंकको केन्द्रिय कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।
एकभन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फाराम रद्द गरिनेछ ।

प्रवेश-पत्र

शेयरधनीको नाम ..... शेयर प्रमाण-पत्र नं. ..... शेयरधनी परिचय नं. .....

शेयरधनीको सही ..... शेयर संख्या .....

सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको मिति २०६८ आश्विन २९ गते आईतबारका दिन हुने पाँचौ वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

शेयरधनीको हस्ताक्षर

कम्पनी सचिव

द्रष्टव्य : शेयरधनी आफैले खाली कोष्ठहरू भर्नुहोला ।
(सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्नु अनिवार्य छ ।)

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको संचालकसमितिको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०६७/६८

आदरणीय शेयरधनी महानुभावहरु,

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको पाँचौं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई संचालकसमितिको तर्फबाट म हार्दिक स्वागत गर्दछु। यस अवसरमा म २०६८ आषाढमासान्तको बैंकको वासलात, आर्थिक वर्ष २०६७/६८ को नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण तथा आवश्यक अन्य वित्तीय विवरणहरू सभाको स्वीकृतिका लागि प्रस्तुत गर्दछु। यस सम्मानित सभामा म सञ्चालकसमितिको तर्फबाट बैंकिंग क्षेत्रको परिसूचक प्रस्तुत गर्दै बैंकको गत आर्थिक वर्षको कार्यको समीक्षा तथा भावी कार्यक्रमहरू प्रस्तुत गर्दछु।

बैंकिङ्ग क्षेत्रका परिसूचक

आ.व. २०६७/६८ को पहिलो एघार महिनामा वाणिज्य बैंकहरूको साधनको प्रमुख स्रोतको रूपमा रहेको निक्षेप परिचालन ४.८ प्रतिशत (रु. २९ अर्ब ६८ करोड) ले बढी २०६८ ज्येष्ठमसान्तमा रु ६४८ अर्ब ५४ करोड पुगेको छ। आर्थिक वर्ष २०६६/६७ मा निक्षेप परिचालन पछिल्लो वर्षको तुलनामा १२.६ प्रतिशत अर्थात् रु. ६९ अर्ब ६ करोडले बढेको थियो। यसै गरी कर्जा तथा लगानी ११.८७ प्रतिशत (रु. ६९ अर्ब २४ करोड) ले बढी २०६८ ज्येष्ठमसान्तमा रु. ६६२ अर्ब ८ करोड पुगेको छ। आर्थिक वर्ष २०६७/६८ को ज्येष्ठमसान्तसम्मको अवधिमा वाणिज्य बैंकहरूवाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये उत्पादन क्षेत्रतर्फको कर्जा रु. १८ अर्ब ८२ करोडले, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. १९ अर्ब ३३ करोडले र निर्माण क्षेत्रतर्फको कर्जा रु. २ अर्ब ८५ करोडले वढेको छ। तर, समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रु. २ अर्ब २४ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. १ अर्ब ७८ करोडले घटेको छ। आर्थिक वर्ष २०६६/६७ मा कर्जा तथा लगानी पछिल्लो वर्षको तुलनामा १६.१ प्रतिशत (रु. ६५ अर्ब ६१ करोड) ले बढेको थियो। आर्थिक वर्ष २०६६/६७ मा निजी क्षेत्रतर्फको कर्जामध्ये उत्पादनमूलक क्षेत्रतर्फको कर्जा ७.८ प्रतिशत (रु. ६ अर्ब ८४ करोड), उत्पादन क्षेत्रतर्फ चिनी, सिमेन्ट, फलाम तथा स्टिलजन्य वस्तुहरूको उत्पादनमा कर्जा प्रवाहको विस्तार उच्च रहेको थियो। आर्थिक वर्ष २०६७/६८ को एघार महिनासम्ममा कुल रु. २०५ अर्ब ७२ करोडको स्थायी तरलता सुविधाको उपयोग भएको छ र स्थायी तरलता सुविधाअन्तर्गत २०६८ ज्येष्ठमसान्तमा रु.२ अर्ब ५१ करोड बक्यौता रहेको छ। आर्थिक वर्ष २०६७/६८ को एघार महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. २४ करोड ९१ लाखले बचतमा रहेको छ। आर्थिक वर्ष २०६६/६७ मा समग्र शोधनान्तर स्थिति रु. २ अर्ब ६२ करोडले घाटामा रहेको थियो। २०६८ ज्येष्ठमसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६७ असारमसान्तको रु. २ खर्ब ६८ अर्ब ९१ करोडको तुलनामा ०.३ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ६९ अर्ब ७७ करोड पुगेको छ। यो रकम आर्थिक वर्ष २०६७/६८ को एघार महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.४ महिनाको वस्तु आयात र ७.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

बैंकको वित्तीय स्थिति

आर्थिक वर्ष २०६६/६७ र आर्थिक वर्ष २०६७/६८ मा यस बैंकको वित्तीय स्थितिको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ।

(रु. हजारमा)

शिर्षक	२०६६/६७	२०६७/६८	वृद्धि प्रतिशत
कूल सम्पत्ती	१६,५१,६८,८५	१६,८१,५०,३७	१.८१
निक्षेप	१४,२१,४४,८२	१३,४७,८३,३३	(५.१८)
कर्जा अधिविकर्ष र खरीद तथा डिस्काउण्ट गरिएका विलहरु	१०,९२,४८,८४	१२,२७,१८,२६	१२.३२
लगानी	२,६८,०१,६८	२,४०,१४,३७	(१०.४०)
खुद व्याज आम्दानी	४४,७९,३२	५५,८९,१०	२४.७८
अन्य संचालन आम्दानी	१०,८२,५६	११,०९,३६	२.४८
संचालन खर्च	१९,५०,९७	२६,०८,४१	३३.७०
संचालन मूनाफा	३६,१०,९२	४०,९०,०५	१३.२७
खुद नाफा/(नोक्सान)	१९,३५,६२	१९,८३,५४	२.४८
पूँजीकोष अनुपात	११.४०%	१५.५३%	४.१३

क) खूद ब्याज आम्दानीः आ.व. २०६६/६७ मा बैंकको खुद ब्याज आम्दानी रु. ४४ करोड ७९ लाख ३२ हजार रहेकोमा चालु आ.व.मा २४.७८ प्रतिशतले वृद्धि भई रु. ५५ करोड ८९ लाख १० हजार पुगेको छ।

ख) अन्य संचालन आम्दानीः आ.व.२०६६/६७ मा बैंकको अन्य संचालन आम्दानी रु. १० करोड ८२ लाख ५६ हजार रहेकोमा आ.व.२०६७/०६८ मा २.४८ प्रतिशतले वृद्धि भई रु. ११ करोड ९ लाख ३६ हजार पुगेको छ।

ग) संचालन खर्चः आ.व.२०६६/६७ मा बैंकको कुल संचालन खर्च रु. १९ करोड ५० लाख ९७ हजार रहेकोमा आ.व.२०६७/६८ मा ३३.७० प्रतिशतले वृद्धि भई रु. २६ करोड ८ लाख ४१ हजार पुगेको छ।

घ) संचालन मुनाफाः आ.व. २०६६/६७ मा बैंकको संचालन मुनाफा रु. ३६ करोड १० लाख ९२ हजार रहेकोमा आ.व.२०६७/६८ मा १३.२७ प्रतिशतले वृद्धि भई रु. ४० करोड ९० लाख ५ हजार पुगेको छ।

ङ) निक्षेप संकलनः आ.व.२०६६/६७ मा बैंकले कुल रु. १४ अर्ब २१ करोड ४४ लाख ८२ हजार निक्षेप परिचालन गरेकोमा आ.व.२०६७/०६८ मा ५.१८ प्रतिशतले ह्रास आई रु. १३ अर्ब ४७ करोड ८३ लाख ३३ हजार पुगेको छ। आ.व.२०६६/६७ मा कुल निक्षेपमध्ये चल्ती निक्षेपको अंश २.७० प्रतिशत, बचत निक्षेपको अंश २६.८० प्रतिशत, मुद्दती निक्षेपको अंश ४५.९५ प्रतिशत, कल डिपोजिटको अंश २४.०२ प्रतिशत र बाँकी अन्य निक्षेप रहेको थियो। यसै प्रकार आर्थिक वर्ष २०६७/६८ मा चल्ती निक्षेपको अंश २.३७ प्रतिशत, बचत निक्षेपको अंश २४.०१ प्रतिशत, मुद्दती निक्षेपको अंश ४४.६४ प्रतिशत, कल डिपोजिटको अंश २८.५५ प्रतिशत र बाँकी अन्य निक्षेप रहेको छ।

च) कर्जा, अधिविकर्ष तथा खरीद तथा डिस्काउन्ट गरिएका बिलहरुः कर्जा, सापटी तथा अधिविकर्षतर्फ बैंकले आर्थिक वर्ष २०६६/६७ मा रु. १० अर्ब ९२ करोड ४८ लाख ८४ हजार कर्जा प्रवाह गरेकोमा २०६७/६८ मा अघिल्लो वर्षको तुलनामा १२.३२ प्रतिशतले वृद्धि भई रु. १२ अर्ब २७ करोड १८ लाख २६ हजार कर्जा पुगेको छ। कुल कर्जा सापटीमध्ये रियल स्टेट क्षेत्रमा २२.४० प्रतिशत, हाउजिङ्ग क्षेत्रमा २.८८ प्रतिशत, मार्जिन लेन्डिङ्गमा १.२६ प्रतिशत, थोक तथा खुद्रा विक्रेतामा २०.७५ प्रतिशत र अधिविकर्ष कर्जामा ३३.२९ प्रतिशत तथा अन्य कर्जामा १९.४२ रहेको छ।

छ) लगानीः २०६८ आषाढमासान्तसम्ममा बैंकले रु. २ अर्ब ४० करोड १४ लाख ३७ हजार लगानी गरेको छ। उक्त लगानीमध्ये नेपाल सरकारको ट्रेजरी बिल्स तथा विकास बण्डमा गरी कुल रु. १ अर्ब ११ करोड ३८ लाख ८२ हजार अर्थात् ४६.३८ प्रतिशत रहेको छ भने स्वदेशी बैंक तथा वित्तीय संस्थामा रु. १ अर्व १४ करोड ११ लाख ५५ हजार अर्थात् ४७.५२ प्रतिशत र विदेशी बैंकमा रु. १४ करोड

२७ लाख अर्थात् ५.९४ प्रतिशत रहेको छ। यसको साथै, बैंकको संगठित संस्थाहरूको शेयरमा रु. ३७ लाख लगानी रहेको छ। जुन कुल लगानीको ०.१६ प्रतिशत रहेको छ।

ज) पूँजी कोषको पर्याप्तताः आर्थिक वर्ष २०६६/६७ को अन्त्यमा पूँजी कोषको अनुपात ११.४० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/०६८ मा १:१ हकप्रद शेयर निष्काशन गरिएको कारणले आर्थिक वर्षको अन्त्यमा उक्त अनुपात १५.५३ प्रतिशत कायम रहेको छ, जुन नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम कायम गर्नुपर्ने न्यूनतम १०.० प्रतिशतभन्दा बढी रहेको छ।

शाखा विस्तार

आर्थिक वर्ष २०६७/६८ भित्र प्रत्येक अञ्चलमा कम्तीमा एक शाखा खोल्ने गरी बैंकको कुल शाखा संख्या कम्तीमा ३० पुऱ्याउने नीतिअनुरुप आर्थिक वर्ष २०६७/६८ मा काठमाडौँ उपत्यकाभित्र भक्तपुर जिल्लाको भक्तपुर बजारमा र ललितपुर जिल्लाको पाटनढोकामा तथा उपत्यकाबाहिर पूर्वाञ्चलको सुनसरी जिल्लाको इटहरीमा, मध्यमाञ्चलको धनुषा जिल्लाको जनकपुर र दोलखा जिल्लाको चरिकोटमा र मध्यपश्चिमाञ्चलको हुम्ला जिल्लाको सिमिकोटमा शाखा विस्तार गरी आ.व. २०६७/६८ को अन्त्यसम्ममा बैंकको कुल शाखा ३२ वटा पुगेको छ।

संस्थागत सुशासन

बैंकमा संस्थागत सुशासन (Corporate Governance) को स्तरलाई अत्यन्त उच्च कायम राख्ने कुरामा हामी प्रतिबद्ध छौं। संचालकसमितिका कामकारबाहीहरू तथा बैंकका अन्य सबै क्रियाकलापहरूलाई पारदर्शीरूपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न बैंक सदा क्रियाशील रहेको छ। नेपाल राष्ट्र बैंक एव अन्य सम्बद्ध निकायहरूबाट समयसमयमा जारी भएका नीति एवं निर्देशनलाई बैंकले पूर्ण रूपमा लागु गर्दै आएको छ र आगामी दिनहरूमा पनि कडाइका साथ लागु गरिनेछ।

सूचना प्रविधि

सूचना प्रविधिको विकासका साथै ग्राहकवर्गको चाहनालाई परिपूर्ति गर्न सूचना प्रविधिको उल्लेखनीय भूमिकालाई ध्यानमा राखी SMS बैंकिंग, e-banking जस्ता प्रविधिमूलक सेवाहरू हामीले बैंक संचालन गरेको दिनदेखि नै शुरुवात गरेका थियौँ, यस वर्ष संचालनमा आएका बैंकका शाखाहरूबाट Any Branch Banking System (ABBS) सेवासमेत संचालन गरेको र गत वर्षदेखि नै बैंकले आफ्नो सूचना प्रविधिमा आवश्यक परिमार्जन गरी बैंकमार्फत टेलिफोनको बिल भुक्तानी गर्ने सेवा उपलब्ध गराएको छ। साथै भविष्यमा समेत सूचना प्रविधिमा समयानुकूल सुधार एवं विकास गर्दै लाने लक्ष्य लिइएको छ।

आन्तरिक नियन्त्रण प्रणाली

बैंकिंग व्यवसायमा निहित कर्जा, बजार तथा सञ्चालनलगायतका जोखिमहरूलाई दृष्टिगत गरी बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई दह्रो बनाउने नीति लिएको छ। यससम्बन्धमा बैंकिग कारोबारका सबै क्षेत्रमा आवश्यक नीति, नियमहरू बनाई कार्यान्वयनमा ल्याइएको छ। त्यसै गरी बैंकका कामकारबाहीहरू प्रचलित कानुनबमोजिम भए गरेको छ छैन त्यसको यकिन गर्ने उद्देश्यले बैंकमा एउटा स्वतन्त्र (Independent) आन्तरिक लेखापरीक्षणविभाग गठन गरी त्यस विभागलाई गैरकार्यकारी संचालकको संयोजकत्वमा गठित लेखापरीक्षणसमितिमातहत राखिएको छ।

कार्ड ब्यवसाय

बैंक स्थापनाको दिनदेखि नै Smart Choice Technology (SCT) Pvt. Ltd. को सदस्यको रूपमा आबद्ध भई नेपाल र भारतमा चल्ने SCT डेबिट कार्डको माध्यमद्वारा ग्राहकहरूलाई सेवा दिँदै आएकोमा गत आर्थिक वर्षमा नेपाल इन्भेष्टमेण्ट बैंकमार्फत VISA International को एसोसिएट सदस्यता प्राप्त गरी सम्झौतासमेत भइसकेको र VISA Final Testing को कार्य भइरहेकोछ। आगामी पौषमसान्तभित्रमा बैंकले ग्राहकहरूलाई VISA Card को सेवा उपलब्ध गराइसक्नेछ।

विप्रेषण कारोबार

बैंकले Western Union, CG Finco, City Express, Reliable Remit जस्ता विप्रेषणको काम गर्ने संस्थाहरूसँग सम्झौता गरी विप्रेषणसम्बन्धी कार्यलाई निरन्तरता दिएको छ भने आफ्नै विप्रेषणसम्बन्धी Product संचालनमा ल्याउने क्रममा Citizens Remit संचालनमा ल्याइसकेको कुरा जानकारी गराउँदछु । जसअनुसार मध्यपूर्वमा कतारको Union Exchange कम्पनी तथा अबुधावी युएई (UAE) को AL Ahalia Money Exchange Bureau सँग सम्झौता गरी कारोबार संचालन गरिसकिएको छ । यस वर्ष USD ५५ लाखबराबरको विप्रेषण भित्रयाउन सफल पनि भयौं । आगामि दिनहरुमा पनि विप्रेषण व्यवसायलाई अधिकतम प्रतिफलमूखी बनाइनेछ ।

संस्थागत सामाजिक उत्तरदायित्व

संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) कार्यक्रमअन्तर्गत बैंकले यस आर्थिक वर्षमा नेपाल क्रिकेट संघ, बर्दियालाई खेल सामग्री (किट) तथा बर्दिया जिल्ला क्रिकेट संघको लागि ड्रेस वितरण गरेको छ, सिन्धुली जिल्ला शीतलपाटीस्थित श्रीदीर्घ प्रदीप उच्च मा. वि.लाई ३ थान कम्प्यूटर तथा बर्दिया जिल्ला गुलरियास्थित मदरसा असरफिया मसउदुल उलुम प्रा. विद्यालय र युवा अपाङ्ग संगठन नेपाललाई १-१ थान कम्प्यूटर प्रदान गरेको छ । बाँके जिल्ला नेपालगञ्जस्थित जामा मस्जिदलाई जुत्ता र्‍याक (Shoe Rack) प्रदान गरेको छ ।

बैंकको चौथो वार्षिकोत्सवको उपलक्ष्यमा रक्तदान कार्यक्रम तथा आँखा दान कार्यक्रम संचालन गरिएको छ । यसका अतिरिक्त बैंकको चौथो वार्षिकोत्सवको उपलक्ष्यमा 'नेशनल किड्नी सेन्टरलाई' रु. १,००,०००।- प्रदान गरेको तथा १० जना गरिब, पिछडिएका तथा जेहेन्दार विद्यार्थीहरूलाई 'बाल विकास समाज'का मार्फतबाट छात्रवृत्ति प्रदान गरेको छ । बैंकले हुम्लाका जनताको स्वास्थ्यलाई ध्यानमा राखी हुम्ला शाखाले कारोबार आरम्भ गरेको शुभ अवसरमा दुई दिने निःशुल्क स्वास्थ्य शिविर कार्यक्रमको आयोजना गरेको छ तथा हुम्ला जिल्ला जन स्वास्थ्य शाखालाई निःशुल्क औषधि पनि उक्त अवसरमा वितरण गरिएको थियो ।

संचालकसमितिमा हेरफेर र त्यसको कारणः

बैंकका अध्यक्ष डा. शंकरप्रसाद शर्मालाई नेपाल सरकारले संयुक्त राज्य अमेरिकाको लागि राजदूत पदमा नियुक्त गरेको हुँदा उहाँले बैंकको संचालक पदबाट दिनुभएको राजिनामा संचालकसमितिले २०६७/१/१७ मा स्वीकृत गरी रिक्त रहेको सो संचालक पदमा संचालकसमितिको २०६७/७/३० को निर्णयअनुसार श्रीअविनास पन्तलाई संचालक पदमा नियुक्त गरिएको छ । यस अवसरमा श्रीपन्तलाई संचालकसमितिमा हार्दिक स्वागत गर्दै डा. शंकरप्रसाद शर्माले आफ्नो कार्यकालमा बैंकको प्रगतिको लागि पुऱ्याउनुभएको योगदानप्रति बैंक हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

अन्य समितिहरु

लेखापरीक्षणसमितिः बैंकको लेखापरीक्षकको नियुक्तिको लागि सिफारिस गर्ने, बैंकको आन्तरिक लेखापरीक्षणको कार्यक्षेत्र निर्धारण गर्ने, आन्तरिक, बाह्य तथा केन्द्रीय बैंकबाट भएको लेखापरीक्षणको सिलसिलामा प्राप्त भएका कैफियतहरूको समीक्षा गर्ने र बैंकको आन्तरिक लेखापरीक्षणविभागले पेश गरेको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित कैफियतहरूउपर समीक्षा गर्नको लागि गैरकार्यकारी संचालक श्रीबालकृष्ण प्रसाईको संयोजकत्वमा लेखापरीक्षणसमिति गठन गरिएकोछ । जसमा गैरकार्यकारी सञ्चालक श्रीप्रकाशचन्द्र मैनाली सदस्य, श्रीअनिन राजभण्डारी सदस्य र बैंकका आन्तरिक लेखापरीक्षण विभाग प्रमुख सदस्य सचिव रहने व्यवस्था गरिएको छ ।

मानवसंसाधनब्यवस्थापनउपसमितिः बैंकको लागि आवश्यक कर्मचारीको नियुक्ति एवं बढुवासम्बन्धी कार्य सम्पादन गर्नको लागि गैरकार्यकारी सञ्चालक श्रीप्रदीपजंग पाण्डेको अध्यक्षतामा मानवसंसाधन व्यवस्थापनउपसमिति गठन गरिएको छ ।

कर्जाउपसमितिः संचालकसमितिबाट प्रत्यायोजित अधिकारक्षेत्रभित्रको कर्जाको विश्लेषण एवं कर्जा स्वीकृति गर्न र आफ्नो अधिकारभन्दा बढीको कर्जा स्वीकृतिको लागि संचालकसमितिमा सिफारिस गर्न गैरकार्यकारी संचालक श्रीप्रदीपजंग पाण्डेको संयोजकत्वमा संचालकद्वय श्रीभोलाविक्रम थापा र श्रीमनोहरदास मूल सदस्य रहेको कर्जा उपसमिति गठन गरिएको छ ।

जोखिमव्यवस्थापनउपसमितिः बैंकको सम्पत्तिको गुणस्तरलाई नियन्त्रण तथा सम्पत्तिहरुको जोखिम व्यवस्थापन गर्नकालागि गैरकार्यकारी संचालक श्रीअविनाश पन्तको संयोजकत्वमा संचालक श्रीप्रकाशचन्द्र मैनाली सदस्य रहेको एक उपसमिति गठन गरिएको छ ।

सरकारी राजस्वमा योगदान

आर्थिक वर्ष २०६७/६८ मा बैंकले नेपाल सरकारलाई कर्पोरेट करको रूपमा रु. ७ करोड १० लाख ३० हजार २५० बुझाएको छ ।

बैंकको कारोबारलाई असर पार्ने मुख्य कारकहरु

बैंकको कारोबारलाई असर पार्न सक्ने विभिन्न किसिमका जोखिमहरूलाई तल प्रस्तुत गरेको छु -

१. नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकसम्बन्धी नीतिमा परिवर्तन गर्दा सिर्जना हुनसक्ने संभावित जोखिमहरू ।
२. विदेशी विनिमय कारोबार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरू ।
३. निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तनबाट असर गर्ने जोखिमहरू ।
४. यथासमयमा कर्जा असुली नभई उत्पन्न हुने जोखिमहरू ।
५. देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरू ।
६. प्रतीतपत्र र जमानतपत्र जारी गर्ने जस्ता गैरकोषीय सेवाहरू प्रदान गर्दा हुन सक्ने संभावित जोखिमहरू ।
७. अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरू ।
८. पूँजीबजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरू ।

लेखापरीक्षकको नियुक्ति

बैंकको आर्थिक वर्ष २०६७/६८ का हरहिसाबहरू लेखापरीक्षण गर्नको लागि श्री एस. आर. पाण्डे एण्ड कम्पनीलाई लेखापरीक्षकको रूपमा नियुक्त गरिएको थियो ।

मानवसंसाधन

२०६८ आषाढमासान्तसम्ममा बैंकमा कुल २९१ जना कर्मचारी कार्यरत रहेका छन् । चालु आर्थिक वर्षमा १४६ जना नयाँ कर्मचारी नियुक्त गरिएका थिए भने ३८ जना कर्मचारी बैंकको सेवाबाट अलग भएका छन् । कुल कर्मचारीमध्ये ८० जना (२७ प्रतिशत) महिला कर्मचारीहरू रहेका छन् । ग्राहकवर्गलाई सर्वसुलभ तथा छिटोभन्दा छिटो समयमा सेवा उपलब्ध गराई व्यावसायिक उद्देश्य प्राप्ति गर्न बैंकको जनशक्तिको दक्षता वृद्धिका लागि कर्मचारीहरूलाई आवश्यक तालीमहरू दिँदै जाने नीति लिइएको छ ।

भावी कार्यक्रम

यस बैंकको भावी कार्यक्रम यस प्रकार रहेको छ :

(१) निक्षेपको औसत ब्याजदरमा कमी ल्याउने किसिमले निक्षेपका नयाँ नयाँ योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने र व्यक्तिगत (Individual) निक्षेपकर्ताहरूको आधार वृद्धि गर्दै संस्थागत निक्षेप तर्फको निर्भरता कम गर्दै लैजाने ।
(२) कर्जाको गुणस्तरमा सुधार गर्दै लैजाने र कर्जा विस्तार गर्दा साना तथा घरेलु उद्योगतर्फ लगानी वृद्धि गर्ने ।
(३) बैंकको आन्तरिक नियंत्रण प्रणाली तथा सुशासनलाई अझ बढी सुदृढ गर्ने ।
(४) बैंकको सूचना प्रविधिलाई समयानुकूल सुधार एवं विस्तार गरी आधुनिक सेवा प्रदान गर्ने ।
(५) बैंकमा कार्यरत जनशक्तिलाई अझ बढी दक्ष बनाउन उपयुक्त तालिमहरू प्रदान गर्ने,
(६) व्यावसायिक रूपमा संभाव्य देखिएका स्थानहरूमा शाखा विस्तार गर्दै लैजाने ।
(७) संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रमहरू संचालन गर्ने ।

लेखापरीक्षण, वासलात र अन्य विवरण

२०६८ आषाढमासान्तको वासलात, २०६७/६८ को नाफा-नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण, सम्बद्ध अनुसूचीहरू र लेखापरीक्षकको प्रतिवेदन यसै प्रतिवेदनका अंगको रूपमा राखिएको छ । साथै कम्पनी ऐन २०६३ को परिच्छेद ७ दफा १०९ को उपदफा (४) बमोजिमका विवरणहरूलाई अनुसूचीको रूपमा प्रस्तुत गरिएको छ ।

नाफा नोक्सान बाँडफाँड

आर्थिक वर्ष २०६७/६८ मा रु. १९,८३,५४,१३४।०० खूद नाफा भएकोमा बैंक तथा वितीय संस्थासम्बन्धी ऐन २०६३ को दफा ४४ बमोजिम खूद नाफाको २० प्रतिशत अर्थात् रु. ३,९६,७०,८२७।०० साधारण जगेडा कोषमा छुट्ट्याइएको छ । यसै गरी सोही ऐनको दफा ४५ बमोजिम विदेशी मुद्राको विनिमय दरमा परिवर्तन भएको कारणवाट यस वर्ष खूद नोक्सान भएको हुदा नाफा नोक्सान हिसाबमा खर्च जनाइएको छ । यसको अतिरिक्त स्थगनकर जगेडाकोषमा रु. ६०,४४,६६७।०० बाँडफाँड गरी बाँकी रहेको रकममध्येबाट गत आर्थिक वर्षको संचित नाफा रु. २,७१,०८,२३३।०० समायोजन गरी यस वर्षको अन्त्यमा भएको कुल रु. १७,९७,४६,८७४।०० वितरणयोग्य मुनाफामध्ये रु. १७,०५,२६,३१६।०० लाभांश वितरण गर्ने र बाँकी रु. ९२,२१,३१०।०० संचित मुनाफामा सार्ने प्रस्ताव गरिएको छ । साथै शेयर प्रिमियममध्येबाट दुई प्रतिशत बोनस शेयर वितरणगर्ने यसरी बोनस शेयर वितरण गर्दा कुनै शेयरधनीले पाउने बोनस शेयर खण्डीकृत (fraction) हुन आएमा सो खण्डीकृत (fraction) शेयरलाई पुर्णीकृत गर्न नपुग हुने रकम निजले पाउने नगद लाभांशबाट कट्टा गरी सो शेयरलाई पूर्ण शेयरमा परिणत गरी वितरण गर्ने प्रस्ताव गरिएको छ ।

उपरोक्त वमोजिम मुनाफा वाँडफाँड गर्ने गरी आ.व. २०६७/६८ को वित्तीय विवरणहरु प्रकाशीत गर्न नेपाल राष्ट्र बैंकको स्वीकृती माग गरिएकोमा नेपाल राष्ट्र बैंकको पत्र संख्या बै.सु.वि.।अफसाईटाएजीएमा६।२०६८।६९ मिति २०६८/६/३ को पत्रवाट नगद लाभांश रु. १३,२२,६०,५२८।८० सम्म वितरण गर्न र साधारण सभाको स्वीकृतीलिई वाँकी वोनश शेयर जारी गर्न स्वीकृती प्राप्त भएकोले बैंकको कुल वितरण योग्य मुनाफा मध्ये नगद लाभांश वितरण गर्न विनियोजन गरिएको रकम रु. १७,०५,२६,३१६।- र शेयर प्रिमीयम खातामा जम्मा रहेको रकम मध्ये रु. ४,००,००,०००।- गरी कुल रु. २१,०५,२६,३१६।- मध्येवाट नगद लाभांश रु. ११,०५,२६,३१६।- वितरण गर्ने र रु. १०,००,००,०००।- को वोनश शेयर जारी गर्ने गरि संशोधन प्रस्ताव पेश गरेको छु ।

धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०६५ को नियम २२ को उपनियम (१) सँग सम्बद्ध विवरणहरुः

१. कानुनी कारवाहीसम्बन्धी विवरण

देहायअनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दा दायर भएको संस्थापक वा संचालकको नाम र सम्भाव्य कानूनी उपचारसम्बन्धी विवरण समावेश गरिनुपर्नेः

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए,
बैंकलाई तात्विक असर पर्ने कुनै मुद्दा दायर नभएको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए,
नभएको ।

(ग) कुनै संस्थापक वा संचालकविरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,
नभएको ।

२. संगठित संस्थाको शेयर काराबार तथा प्रगतिको विश्लेषण

(क) धितोपत्र बजारमा भएको बैंकको शेयरको कारोबारसम्बन्धमा व्यवस्थापनको धारणाः
देशको धितोपत्र बजारमा संगठित संस्थाहरूको शेयर कारोबारमा हाल देखिएको उतार चढावको अवस्थामा पनि यस बैंकको शेयर कारोबार सन्तोषजनक रहेको छ ।

(ख) यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्याः
यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्याको विवरण देहायबमोजिम रहेको छ :

विवरण	आश्विन मासान्त	पौष मासान्त	चैत्र मासान्त	आषाढ मासान्त
अधिकतम मूल्य (रु.)	३११।-	३१०।-	२६५।-	१५१।-
न्यूनतम मूल्य (रु.)	२८०।-	२३८।-	१९३।-	१४८।-
अन्तिम मूल्य (रु.)	२९२।-	२५०।-	१९६।-	२२२।-
कुल कारोबार शेयर संख्या	४०,६८०	६०,५७०	८८,३९८	९६,८५६
कुल कारोबार दिन	५४	७४	५५	५७

३. समस्या तथा चुनौती

(क) आन्तरिक समस्या तथा चुनौती

बैंकिंग क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुनु, निक्षेपको लागत बढ्दै गएको कारण बैंकको ब्याज आम्दानीको अन्तर (Spread) कम हुदै जानु, लगानीयोग्य क्षेत्रको अभाव हुनु, बैंकिंग क्षेत्रमा दक्ष जनशक्तिको अभाव हुनु जस्ता आन्तरिक समस्या रहेको विद्यमान परिप्रेक्ष्यमा बैंकको मुनाफा वृद्धि गर्ने कार्य चुनौती पूर्ण रहेको छ।

(ख) बाह्य समस्या तथा चुनौती

विश्वव्यापी आर्थिक मन्दी, मुलुकको आर्थिक वृद्धिदर न्यून हुनु, लगानी मैत्री वातावरण नहुनु, औद्योगिक तथा व्यापारी क्षेत्रमा श्रम समस्या रहनु, उर्जा संकटलगायत समय-समयमा बन्द हडताल भई रहनु नै प्रमुख बाह्य समस्या हुन्। यस्ता समस्या विद्यमान रहेको अवस्थामा बैंकको कारोबार विस्तार गर्नु चुनौती पूर्ण छ।

४. विवरणपत्रमा प्रक्षेपण गरिएका र लेखापरीक्षण भएका विवरणहरुमा बीस प्रतिशत वा त्यसभन्दा बढी फरकसम्बन्धी विवरण

यस बैंकले सर्वसाधारणको लागि शेयर निष्कासन गर्दा प्रकाशित विवरणपत्र र आ.व. २०६७/०६८ को लेखापरिक्षण प्रतिवेदनको वित्तीय विवरणमा निक्षेप दायित्वतर्फ प्रक्षेपित विवरणभन्दा २५.१० प्रतिशतले न्यून हुन गएको छ। यसको प्रमुख कारण देशमा समीक्षा अवधिमा तरलतामा पर्न गएको चापले हो। यसैगरी कर्जा सापटतर्फ प्रक्षेपित विवरणभन्दा १९.७० प्रतिशतले न्यून रहेको छ। माथि उल्लेख भएबमोजिम तरलतामा पर्न गएको चापको कारण बैंकको निक्षेप परिचालनमा ह्रास आएको र नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकले २०६८ आषाढमसान्तमा कर्जा निक्षेप अनुपात ८५ प्रतिशतभन्दा कम कायम गर्नुपर्ने भएकोले बैंकले पूर्व स्वीकृत गरिसकेका आयोजनावाहेक अन्य क्षेत्रमा कर्जा विस्तार नगरेको कारण प्रक्षेपण गरिएबमोजिमको कर्जा विस्तार हुन नसकेको हो। जसको फलस्वरूप ब्याज आम्दानी, संचालन आम्दानी तथा खूद मुनाफामा समेत फरक पर्न गएको छ।

धन्यवादज्ञापन

यस बैंकको उद्देश्य प्राप्तिका लागि सहयोग पुऱ्याउनुहुने शेयरधनी महानुभावहरू, ग्राहकवर्ग तथा नेपाल सरकारका सम्बद्ध निकायलगायत नेपाल राष्ट्र बैंकप्रति संचालकसमितिको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु। बैंकको उत्तरोत्तर उन्नति र प्रगतिमा पुऱ्याउनुभएको योगदानका लागि बैंकका प्रमुख कार्यकारी अधिकृतलगायत बैंकका सम्पूर्ण अधिकृत तथा कर्मचारीहरू र अन्य सहयोगीहरूलाई धन्यवाद दिन्छु। साथै, बैंकका गतिविधिहरूलाई सकारात्मकरूपमा जनसमक्ष पुऱ्याइदिने संचारजगत् र प्रत्यक्ष अप्रत्यक्ष रूपमा बैंकलाई सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुकहरूप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु।

मितिः २०६८/६/२९

कुलचन्द्र गौतम
अध्यक्ष

कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण

१. जफत गरिएका शेयरहरूको विवरण:
बैंकले गतवर्ष कुनै पनि शेयर जफत गरेको छैन ।

२. सहायक कम्पनीहरूसँगको कारोबार:
बैंकका कुनै सहायक कम्पनीहरु छैनन् ।

३. आधारभूत शेयरधनीहरूबाट बैंकलाई उपलब्ध गराइएको जानकारी:
यस्तो कुनै जानकारी प्राप्त भएको छैन ।

४. समीक्षा वर्ष (२०६७/६८) मा बैंकका संचालक तथा पदाधिकारीहरूले खरीद गरेको शेयर :
बैंकद्वारा जारी गरिएको हकप्रद शेयर वाहेक अन्य कुनै शेयर खरिद गरिएको छैन ।

५. समीक्षा वर्ष (२०६७/६८) मा बैंकका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारावारमा निजहरू संलग्न रहेको भए त्यससम्बन्धमा निजहरूबाट बैंकले प्राप्त गरेको जानकारी
यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन ।

६. समीक्षा वर्ष (२०६७/६८) मा बैंकसँग सम्बद्ध सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको बेहोरा:
यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन ।

७. बैंकले आफ्नो शेयर आफैँले खरीद गरेको भए त्यसरी आफ्नो शेयर खरीद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरीद गरेबापत बैंकले भुक्तानी गरेको रकम:
बैंकले आफ्नो शेयर आफैँले खरिद गरेको छैन ।

८. बैंकको आन्तरिक नियन्त्रणप्रणाली भए वा नभएको र भएको भए त्यसको विस्तृत विवरण:
बैंकले आन्तरिक नियन्त्रणप्रणालीअन्तर्गत देहायबमोजिम कामकारबाही गरेको छ
(क) संचालन प्रक्रियातर्फ आर्थिक विनियमावली, कर्मचारी विनियमावली, कर्जा अपलेखन विनियमावली, कर्जा नीति, निर्देशिका तथा आवश्यक कार्य निर्देशिकाहरु तयार गरी प्रचलनमा ल्याइएको छ ।
(ख) स्वतन्त्र आन्तरिक लेखापरीक्षणविभाग गठन गरिएको छ ।
(ग) लेखापरीक्षणसमितिले आन्तरिक नियन्त्रण प्रक्रियाको नियमित अनुगमन गर्ने परिपाटीको विकास गरेको छ ।

९. समीक्षा वर्षमा कुल व्यवस्थापन खर्चको विवरण:
(क) कर्मचारी खर्च रू. ८,१६,८९३६९।-
(ख) कार्यालय संचालन खर्च रू. १७,९१,५१,५८४।-

१०. लेखापरीक्षणसमितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा,त्यस समितिले गरेको कामकारबाहीको विवरण र त्यस समितिले कुनै सुझाव दिएको भए त्यसको विवरण:

(क) लेखापरीक्षणसमितिः

श्रीबालकृष्ण प्रसाई	**अध्यक्ष**
श्रीप्रकाशचन्द्र मैनाली	**सदस्य**
श्रीअनिन राजभण्डारी	**सदस्य**
श्रीरमन उप्रेती	**सदस्यसचिव**

(ख) समितिका सदस्यहरुलाई बैठकभत्ताबाहेक कुनै पारिश्रमिक/सुविधा प्रदान गर्ने गरिएको छैन । सदस्य-सचिवबाहेक अध्यक्ष सदस्यहरुलाई प्रतिबैठक भत्ता रू. ४,०००।- प्रदान गरिएको छ ।

(ग) आर्थिक वर्ष २०६७/६८ मा ७ पटक समितिको बैठक बस्यो, जसमा आन्तरिक लेखापरीक्षणको प्रतिवेदनको समीक्षा गरी सुधारका लागि व्यवस्थापनलाई आवश्यक निर्देशन दिइएको छ ।

११. सञ्चालक, प्रबन्धसञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा:

नभएको ।

१२. सञ्चालक, प्रबन्धसञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम:

क्र.सं	विवरण	सञ्चालक	प्रमुख कार्यकारी अधिकृत	अन्य कार्यकारी पदाधिकारी
१	बैठक भत्ता	११,९७,४००।००*	-	-
२	तलव	-	४३,२३,६००।००	५८,२८,७१०।००
३.	भत्ता	-	२५,६०,०००।००	१६,८१,०७०।००
४.	दशैंभत्ता/उपहार	-	४,२०,९००।००	५,१३,३६०।००
५.	संचयकोष योगदान	-	४,३२,३६०।००	३,६२,८७९।००
६.	बोनस	-	प्रचलित बोनस ऐन अनुरूप	
७.	टेलिफोन/मोबाइल	२,६१,०००।-		
८.	इन्धन	४,५०,०००।-	बैकसँग भएको करारअनुरुप	कर्मचारी सेवा
९.	पत्रपत्रिका	१,७४,०००।-		नियमावलीअनुरुप
१०.	गाडीसुविधा	छैन	छ	छ
११.	आवाससुविधा	छैन	छैन	छैन
१२	बीमा	छैन	छ	छ

* विभिन्न उपसमिति वैठकभत्ता रु. ४,५२,४००।- समेत

टिप्पणी:

(क) प्रमुख कार्यकारी अधिकृतलाई चालक, इन्धन र मर्मतसंभारसहित सवारीसाधनको व्यवस्था गरिएको छ । अन्य कार्यकारी तहकालाई नियमानुसार इन्धनसहित सवारी सुविधा उपलब्ध गराइएको छ ।

(ख) प्रमुख कार्यकारी अधिकृतलगायत बैंकका सम्पूर्ण कर्मचारीहरूलाई बैंकको नियमानुसार दुर्घटनाबीमा, औषधोपचारबीमाको व्यवस्था गरिएको छ । साथै निजका आश्रित परिवारका लागि समेत औषधोपचारबीमा गरिएको छ ।

(ग) प्रमुख कार्यकारी अधिकृतलगायत कार्यकारी तहका सम्पूर्ण अधिकृतहरूलाई नियमानुसार मोबाइल फोनको भुक्तानी बैंकले गर्ने व्यवस्था गरिएको छ ।

(घ) बैंकका अध्यक्षलाई कार्यालयप्रयोजनको लागि गाडीसुविधा प्रदान गरिएको छ ।

१३. शेयरधनीले बुझिलिन बाँकी रहेको लाभांशको रकम:
गत वर्षको लाभांशमध्ये रु १२,६८७,०८० ।- शेयरधनीले बुझिलिन बाँकी रहेको छ ।

१४. कम्पनी ऐन २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरीद वा बिक्री गरेको कुराको विवरण:
नभएको ।

१५. कम्पनी ऐन २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण:
नभएको ।

१६. यस ऐन तथा प्रचलित कानुनबमोजिम संचालकसमितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुनै कुरा
नभएको ।

१७. अन्य आवश्यक कुरा
नभएको ।

S. R. PANDEY & CO.
Chartered Accountants

Bhakti Thapa Sadak, Bijulibazar
P.O. Box No. 2343
Kathmandu, Nepal

Tel. : 4491187, 4462367
Fax : 977-1-4462408
e-mail : srpandey@wlink.com.np

REPORT OF THE INDEPENDENT AUDITORS TO THE SHAREHOLDERS OF CITIZENS BANK INTERNATIONAL LIMITED

1. We have audited the accompanying financial statements of Citizens Bank International Limited, which comprise the Balance Sheet as at Ashad 32, 2068 (July 16, 2011), and the profit and loss account, Statement of Changes in Equity and Cash Flow Statement for the year then ended, and a Summary of significant Accounting Policies and other explanatory notes.

Management's Responsibility for the Financial Statements

2. Management is responsible for the preparation and fair presentation of these financial Statements in accordance with Nepal Accounting Standards. This responsibility includes: designing, implementing and maintaining internal control relevant to the preparation and presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

Auditor's Responsibility

3. Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those Standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free of material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on our professional judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, we consider the internal control relevant to the Bank's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of Bank's internal control. An audit also includes evaluating the appropriateness of the accounting policies used and the reasonableness of accounting estimates made by the management, as well as evaluating the overall presentation of the financial statements.

We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

Opinion

4. In our opinion, the accompanying financial statements give a true and fair view, in all material respects, the financial position of Citizens Bank International Limited as at Ashad 32, 2068 (16 July, 2011) and of the results of its financial performance and its cash flows for the year then ended in accordance with Nepal Accounting Standards-so far as applicable in compliance with the prevailing Laws and comply with Company Act 2063, Banks and Financial Institutions Act, 2063 and Directives of Nepal Rastra Bank.

Report on Other Legal and Regulatory Requirements

5. On the basis of our examination, we would like to further report that:

   i. We have obtained all the information and explanations, which were considered necessary for the purpose for our audit.
   ii. The Balance Sheet, Profit and Loss Account, Cash Flow Statement and attached Schedules dealt with by this report are prepared as per Directives of Nepal Rastra Bank and are in agreement with the books of account maintained by the Bank.
   iii. In our opinion, proper books of accounts as required by the law have been kept by the Bank. The Bank has accounted for Interest Income from Loans & Advances on cash basis as per Nepal Rastra Bank's Directives.
   iv. During our examination of the books of account of the Bank, we have not come across the cases where the Board of Directors or any member thereof or any representative or any office holder or any employee of the Bank has acted contrary to the provisions of law or caused loss or damage to the Bank.
   v. The operations of the Bank were within its jurisdiction
   vi. In our opinion, so far as it appeared from our examination of the book, the Bank has maintained adequate capital funds and adequate provisions for possible impairment of assets in accordance with the directives of Nepal Rastra Bank;
   vii. The Bank has not written-off loans during the year;
   viii. The Bank has been functioning as per the directives of Nepal Rastra Bank.
   ix. The Bank has not acted in a manner to jeopardize the interest and security of the depositors and shareholders.
   x. The returns received from branches of the Bank though the statements are independently not audited were adequate for the purpose of our audit, and
   xi. We have not come across any fraudulence in the accounts, so far as it appeared from our examination of the book.

Place: Kathmandu
Date: September 1, 2011

Bhaskar Singh Lala, FCA
Partner

S. R. PANDEY & CO. Chartered Accountants Kathmandu

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

३२ आषाढ २०६८ (१६ जुलाई २०११)

वासलात

पूँजी र दायित्व	अनुसूची	यस वर्ष रु.	गत वर्ष रु.
१. शेयर पूँजी	१	२,०४०,०००,०००	१,२०६,९५०,०००
२. जगेडा तथा कोषहरू	२	१३२,११८,९२४	१०१,३१९,४८९
३. ऋणपत्र र बण्ड	३	-	-
४. तिर्न बाँकी कर्जा सापटी	४	८०५,०००,०००	६५१,१५१,०००
५. निक्षेप दायित्व	५	१३,४७८,३३३,२६१	१४,२१४,४८१,७९९
६. भुक्तानी दिनुपर्ने बिलहरू	६	३,७८१,७६७	२,४३०,२३२
७. प्रस्तावित नगद लाभांस		१७०,५२६,३१६	१२६,३१५,७८९
८. आयकर दायित्व		-	-
९. अन्य दायित्वहरू	७	१८५,२७७,१२५	२१४,२३६,६४०
कुल पूँजी र दायित्व		**१६,८१५,०३७,३९३**	**१६,५१६,८८४,९४९**

सम्पत्ति	अनुसूची	यस वर्ष रु.	गत वर्ष रु.
१. नगद मौज्दात	८	८३१,४५३,०२०	६२६,७०७,७२१
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	९	४९२,५१९,५२३	१,५९६,४३२,२४३
३. बैंक/वित्तिय संस्थामा रहेको मौज्दात	१०	१८१,५६३,४१२	२२२,४७७,८३१
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	११	२२६,८३७,३७८	२३४,९८१,६४७
५. लगानी	१२	२,४०१,४३७,०९६	२,६८०,१६७,५६२
६. कर्जा, सापट तथा विल खरिद	१३	१२,२७१,८२६,५१३	१०,७८५,६५८,०२३
७. स्थिर सम्पत्ति	१४	१९२,०६५,३६२	१६३,८५६,०८०
८. गैर बैकिङ्ग सम्पत्ति	१५	-	-
९. अन्य सम्पत्ति	१६	२१७,३३५,०८९	२०६,६०३,८४२
कुल सम्पत्ति		**१६,८१५,०३७,३९३**	**१६,५१६,८८४,९४९**

सम्भावित दायित्व	अनुसूची ४.१७
सञ्चालकहरुको घोषणा	अनुसूची ४.२९
पूँजीकोष तालिका	अनुसूची ४.३०
जोखिम भारित सम्पति विवरण तालिका	अनुसूची ४.३०(क)
प्रमुख सूचकाङ्कहरु	अनुसूची ४.३१
प्रमुख लेखा नीतिहरु	अनुसूची ४.३२
लेखा सम्बन्धि टिप्पणीहरु	अनुसूची ४.३३

४.१ देखि ४.१७ सम्मका अनुसूचीहरू वासलातका अभिन्न अङ्ग हुन् ।

(रामधन श्रेष्ठ) प्रमुख वित्त अधिकृत	(राजन सिंह भण्डारी) प्रमुख कार्यकारी अधिकृत	(कुल चन्द्र गौतम) अध्यक्ष	(प्रदिप जंग पाण्डे) संचालक	(भोला विक्रम थापा) संचालक
(वाल कृष्ण प्रसाई) संचालक	(मनोहर दास मूल) संचालक	(अनिन राजभण्डारी) संचालक	(प्रकाश चन्द्र मैनाली) संचालक	(अविनाश पन्त) संचालक

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार
भाष्कर सिंह लाला, एफ सि ए
पार्टनर
एस.आर.पाण्डे एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

मिति २०६७ श्रावण १ देखि २०६८ आषाढ ३२ गतेसम्म (१७ जूलाई २०१० देखि १६ जूलाई २०११)

नाफा-नोक्सान हिसाब

विवरण	अनुसूची	यस वर्ष रु.	गत वर्ष रु.
१. ब्याज आम्दानी	१८	१,७९५,२३२,६१३	१,३९८,८३०,६९१
२. ब्याज खर्च	१९	१,२३६,३२२,३०९	९५०,८९८,३९७
खुद ब्याज आम्दानी		**५५८,९१०,३०४**	**४४७,९३२,२९४**
३. कमिशन तथा डिस्काउण्ट	२०	३२,५३३,२८०	२५,१३४,२९५
४. अन्य सञ्चालन आम्दानी	२१	६५,१२०,६४६	६७,८४६,७२९
५. सटही घटबढ आम्दानी	२२	१३,२८२,५८७	१५,२७५,०७७
कुल सञ्चालन आम्दानी		**६६९,८४६,८१७**	**५५६,१८८,३९५**
६. कर्मचारी खर्च	२३	८१,६८९,३६९	६३,६६६,८८८
७. अन्य सञ्चालन खर्च	२४	१७९,१५१,५८४	१३१,४२९,८९५
८. सटही घटबढ नोक्सान	२२	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा		**४०९,००५,८६४**	**३६१,०९१,६१२**
९. सम्भावित नोक्सानी व्यवस्थाहरु	२५	१०३,३६८,२८२	५७,१२३,६६७
सञ्चालन मुनाफा		३०५,६३७,५८२	३०३,९६७,९४५
१०. गैर सञ्चालन आम्दानी/खर्च	२६	६,७३०,२५१	१,१७२,७२८
११. सम्भावित नोक्सान व्यवस्थाबाट फिर्ता	२७	-	-
नियमित कारोबारबाट भएको मुनाफा		**३१२,३६७,८३३**	**३०५,१४०,६७३**
१२. असामान्य कारोबारहरुबाट भएको मुनाफा/(खर्च)	२८	-	-
सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा		**३१२,३६७,८३३**	**३०५,१४०,६७३**
१३. कर्मचारी बोनस व्यवस्था		२८,३९७,०७६	२७,७४०,०६१
१४. आयकर व्यवस्था		८५,६१६,६२३	८३,८३८,८१४
यस वर्षको कर व्यवस्था		९१,६६१,२९०	८८,३१८,९१९
बिगत वर्षसम्मको कर व्यवस्था			
यस वर्षको स्थगन कर आम्दानी/खर्च		(६,०४४,६६७)	(४,४८०,१०५)
खुद नाफा/(नोक्सान)		**१९८,३५४,१३४**	**१९३,५६१,७९८**

१८ देखि २८ सम्मका अनुसुचीहरु वासलातका अभिन्न अङ्ग हुन् ।

(रामधन श्रेष्ठ) प्रमुख वित्त अधिकृत	(राजन सिंह भण्डारी) प्रमुख कार्यकारी अधिकृत	(कुल चन्द्र गौतम) अध्यक्ष	(प्रदिप जंग पाण्डे) संचालक	(भोला विक्रम थापा) संचालक
(वाल कृष्ण प्रसाई) संचालक	(मनोहर दास मूल) संचालक	(अनिन राजभण्डारी) संचालक	(प्रकाश चन्द्र मैनाली) संचालक	(अविनाश पन्त) संचालक

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार
भाष्कर सिंह लाला, एफ सि ए
पार्टनर
एस.आर.पाण्डे एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

नाफा-नोक्सान बाँडफाँड हिसाब

मिति २०६७ श्रावण १ देखि २०६८ आषाढ ३२ गतेसम्म (१७ जुलाई २०१० देखि १६ जुलाई २०११)

विवरण	अनुसूची	यस वर्ष रु.	गत वर्ष रु.
आम्दानी			
१. गत वर्षसम्मको संचित मुनाफा		२७,१०८,२३३	३,२४६,१६३
२. यस वर्षको मुनाफा		१९८,३५४,१३४	१९३,५६१,७९८
३. सटही घटबढ कोष		-	-
४. शेयर प्रिमीयम		४०,०००,०००	-
जम्मा		**२६५,४६२,३६७**	**१९६,८०७,९६१**
खर्च			
१. गत वर्षसम्मको संचित नोक्सान		-	-
२. यस वर्षको नोक्सान		-	-
३. साधारण जगेडाकोष		३९,६७०,८२७	३८,७१२,३६०
४. भैपरी आउने जगेडाकोष			
५. संस्था विकासकोष			
६. लाभांश समीकरण कोष			
७. कर्मचारी सम्बन्धि जगेडाहरु			
८. प्रस्तावित लाभांश		१७०,५२६,३१६	१२६,३१५,७८९
९. प्रस्तावित बोनस शेयर जारी		४०,०००,०००	
१०. विशेष जगेडाकोष			
११. सटही घटबढकोष			११७,४७४
१२. पूँजी फिर्ता जगेडाकोष			
१३. पूँजी समायोजन कोष			
१४. गत वर्षको समायोजन			
१५. स्थगन कर जगेडाकोष		६,०४४,६६७	४,४८०,१०५
१६. लगानी समायोजन कोष			७४,०००
जम्मा		**२५६,२४१,८१०**	**१६९,६९९,७२८**
१७. सञ्चित मुनाफा/(नोक्सान)		**९,२२०,५५७**	**२७,१०८,२३३**

(रामधन श्रेष्ठ) प्रमुख वित्त अधिकृत	(राजन सिंह भण्डारी) प्रमुख कार्यकारी अधिकृत	(कुल चन्द्र गौतम) अध्यक्ष	(प्रदिप जंग पाण्डे) संचालक	(भोला विक्रम थापा) संचालक
(वाल कृष्ण प्रसाई) संचालक	(मनोहर दास मूल) संचालक	(अनिन राजभण्डारी) संचालक	(प्रकाश चन्द्र मैनाली) संचालक	(अविनाश पन्त) संचालक

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार
भाष्कर सिंह लाला, एफ सि ए
पार्टनर
एस.आर.पाण्डे एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण

आर्थिक वर्ष २०६७/२०६८

विवरण	शेयर पूँजी	सञ्चित नाफा नोक्सान	साधारण जगेडा कोष	पूँजीगत जगेडा कोष	शेयर प्रिमियम	सटही घटबढ कोष	स्थगन कर जगेडा	अन्य जगेडा कोष	कूल रकम
शूरु मौज्दात	१,२०६,९५०,०००	२७,१०८,२३४	६८,८४२,५९४।०	-	-	८१४,५५६	४,४८०,१०५	७४,०००	१,३०८,२६९,४८९
स्थगन कर									-
समायोजित शुरुको मौज्दात	१,२०६,९५०,०००	२७,१०८,२३४	६८,८४२,५९४।०	-	-	८१४,५५६	४,४८०,१०५	७४,०००	१,३०८,२६९,४८९
समायोजनहरु	८३३,०५०,०००	(१७,८८७,६७६)	३९,६७०,८२७।०	-	२,९७१,६१७	-	६,०४४,६६७	-	८६३,८४९,४३५
हकप्रद शेयर	७९३,०५०,०००				४२,९७१,६१७				८३६,०२१,६१७
शेयर प्रिमियमवट रकमान्तर गरिएको		४०,०००,०००			(४०,०००,०००)				-
यस बर्षको खुद मुनाफा		१९८,३५४,१३४						-	१९८,३५४,१३४
जगेडाकोषमा सारिएको		(३९,६७०,८२७)	३९,६७०,८२७।०						-
पूँजीकोषको समायोजन									-
लाभांस वितरण		(१७०,५२६,३१६)							(१७०,५२६,३१६)
वोनश शेयर वितरण	४०,०००,०००	(४०,०००,०००)							-
सतही घटबढ कोषमा सारिएको		-				-			-
स्थगन कर दायित्व/(सम्पत्ति)		(६,०४४,६६७)					६,०४४,६६७		-
लगानी समायोजन कोष							-		-
अन्तिम मौज्दात	**२,०४०,०००,०००**	**९,२२०,५५८**	**१०८,५१३,४२१।०**	**-**	**२,९७१,६१७**	**८१४,५५६**	**१०,५२४,७७२**	**७४,०००**	**२,१७२,११८,९२४**

(रामधन श्रेष्ठ)
प्रमुख वित्त अधिकृत

(राजन सिंह भण्डारी)
प्रमुख कार्यकारी अधिकृत

(कुल चन्द्र गौतम)
अध्यक्ष

(प्रदिप जंग पाण्डे)
संचालक

(भोला विक्रम थापा)
संचालक

(वाल कृष्ण प्रसाई)
संचालक

(मनोहर दास मूल)
संचालक

(अनिन राजभण्डारी)
संचालक

(प्रकाश चन्द्र मैनाली)
संचालक

(अविनाश पन्त)
संचालक

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार
भाष्कर सिंह लाला, एफ सि ए
पार्टनर
एस.आर.पाण्डे एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

नगद प्रवाह विवरण

मिति २०६७ श्रावण १ देखि २०६८ आषाढ ३२ गतेसम्म (१७ जुलाई २०१० देखि १६ जुलाई २०११)

विवरण	यस वर्ष रु.	गत वर्ष रु.
क) कारोबार सञ्चालनबाट नगद प्रवाह		
१. नगद प्राप्ति	**१,८३७,७९४,२९०**	**१,५०३,५६३,५२८**
१.१ व्याज आम्दानी	१,७१७,४४२,६०६	१,३९४,०१२,४५७
१.२ कमिशन तथा डिष्काउन्ट आम्दानी	३४,०२२,०६३	२५,७२६,४३४
१.३ विदेशी विनिमय कारोबारबाट आम्दानी	१४,४७८,७२४	१४,८०५,१८०
१.४ अपलेखित कर्जाको असूली		-
१.५ अन्य आम्दानी	७१,८५०,८९७	६९,०१९,४५७
२. नगद भुक्तानी	**१,५३३,५९७,५५१**	**१,१५९,३२६,४४८**
२.१ व्याज खर्च	१,२५७,१००,७०६	९१९,१८७,४६३
२.२ कर्मचारी खर्च	८१,६८९,३६९	५७,२७६,७३६
२.३ कार्यालय संचालन खर्च	१२३,७७७,२२६	८८,८६२,२४९
२.४ आयकर भुक्तानी	७१,०३०,२५०	९४,०००,०००
२.५ अन्य खर्च		-
कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह	**३०४,१९६,७३९**	**३४४,२३७,०८०**
सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(वृद्धि)	**(१,५५७,७८३,३८७)**	**(२,०३३,०६९,८२१)**
१. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि)	८,१४४,२६९	६६५,४१८,३५३
२. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि)	-	-
३. कर्जा तथा विल्स खरिदमा कमी/(वृद्धि)	(१,५८९,३४७,६८०)	(२,७१४,६६७,५३०)
४. अन्य सम्पत्तिमा कमी/(वृद्धि)	२३,४२०,०२४	१६,१७९,३५६
सञ्चालन सम्बन्धि चालु दायित्वमा कमी/(वृद्धि)	**(३३०,१९९,२३३)**	**२,४९८,४९२,७४३**
१. निक्षेप दायित्वमा (कमी)/वृद्धि	(७३६,१४८,५३८)	२,६९०,०५६,२००
२. सर्टिफिकेट अफ डिपोजितमा (कमी)/वृद्धि	-	-
